नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४५१४३९१

लाजिम्पाट, काठमाण्डौं

मिति २०८३।०३।१० गते

## प्रेस विज्ञप्ती-७९

### "गैरकानूनी रुपमा चिकित्सा अभ्यासमा संलग्न व्यक्ति पक्राउ"

नेपाल मेडिकल काउन्सिल बाँसबारीबाट नियमित गरिने अनुगमनको क्रममा काठमाडौं जिल्ला चन्द्रागिरी न.पा.वडा नं.८ मा संचालित स्पार्क इन्टरनेशनल हेल्थ रिसोर्टमा जिल्ला काठमाडौं साविक मातातिर्थ गा.वि.स. वडा नं. ७ ठेगाना भई बसोबास गर्ने बर्ष ४७ की चेतन ए.एम.(पौडेल) ले नपाएको चिकित्सकको उपाधिको प्रयोग गर्नुका साथै नेपाल मेडिकल काउन्सिल दर्ता प्रमाणपत्र (NMC No.) प्राप्त नगरी बिरामीहरुको आधुनिक चिकित्सा निदान उपचारमा संलग्न रहेको, बिरामीलाई औषधी सिफारिस गरिएको प्रेस्क्रिप्सन सहित फेला परेको हुँदा प्रचलित कानून बमोजिम आवश्यक कारबाही गरी पाउँ भन्ने व्यहोराको नेपाल मेडिकल काउन्सिल बाँसबारीको छानविन प्रतिवेदन सहितको उजुरी पत्र यस ब्यूरोमा प्राप्त भई प्रारम्भिक अनुसन्धान पश्चात मिति २०८३।०३।०९ गते सम्मानित काठमाडौं जिल्ला अदालतबाट निज चेतन ए.एम. (पौडेल) को नाममा पक्राउ अनुमति लिई यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले काठमाडौं जिल्ला चन्द्रागिरी न.पा.वडा नं.८ स्थितबाट चेतन ए.एम. (पौडेल) लाई कानून बमोजिम मिति २०८३।०३।०९ गते पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतबाट म्याद थप अनुमति लिई मुलुकी अपराध संहिता, २०७४ को इलाज सम्बन्धी कसूरमा थप अनुसन्धान भईरहेको।

प्रहरी वरिष्ठ उपरीक्षक
(अनुपम शमशेर ज.ब.रा.)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर :९८५१२९१३११